# लोक सेवा आयोग

## राष्ट्रिय मानव अधिकार सेवा, अधिकृत तृतीय वा सो सरह, लेखा अधिकृत पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

मिति: २०८३/२/२३

समय: ३ घण्टा | पत्र: द्वितीय | पूर्णाङ्क: १००

विषय: Job-Knowledge Specific Subject

तलका प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ। साथै, प्रश्न नं. 12 को उत्तर अनिवार्य रूपमा English Language मा लेख्नु पर्नेछ।

**Section – A** **30 Marks**

1. लेखाको "मिलान अवधारणा" भनेको के हो? यो अवधारणाले संगठनको वित्तीय स्थितिको सत्य र निष्पक्ष दृष्टिकोण प्रस्तुत गर्नमा कसरी सहयोग गर्दछ? उल्लेख गर्नुहोस्। 2+3=5
2. धरौटी खाताको उद्देश्य के हो? धरौटी खाता सञ्चालन कसरी गरिन्छ? लेख्नुहोस्। 2+3=5
3. व्यवस्थापन लेखाको उद्देश्य के हो? यसको आवश्यकता र महत्त्वबारे छोटकरीमा चर्चा गर्नुहोस्। 4+6=10
4. सार्वजनिक खरिद गर्दा प्रयोग गरिने तीन मुख्य पद्दति के-के हुन्? शिलबन्दी दरभाउ पद्दतिबाट सामान खरिद गर्ने पद्दति किन राखिएको होला? चर्चा गर्नुहोस्। 5+5=10

**Section – B** **20 Marks**

5. नेपालमा वित्तीय सङ्घीयता कार्यान्वयनमा देखिएका मुख्य-मुख्य चुनौतीहरूको विश्लेषण गर्दै स्रोतको दिगो र प्रभावकारी व्यवस्थापनका लागि समाधानका उपायहरू के-के हुन सक्छन्? उल्लेख गर्नुहोस्। 5+5=10
6. नेपालमा सार्वजनिक ऋणको वर्तमान अवस्था चित्रण गर्नुहोस् र सार्वजनिक ऋणको प्रभावकारी तथा नतिजामूलक उपयोग सुनिश्चित गर्न सरकारले चाल्नुपर्ने आवश्यक कदमहरू सुझाउनुहोस्। 5+5=10

**Section – C** **20 Marks**

7. व्यवसायिकपना (Professionalism) को मूल्य, मान्यता र मानक भन्नाले के बुझ्नुहुन्छ? यसको अभावमा सेवा प्रवाह तथा कार्यक्रम कार्यान्वयनमा कस्तो प्रभाव पर्ने देख्नुहुन्छ? निजामती सेवकको सेवा प्रवाहमा व्यवसायिकपना बढाउन कस्ता तत्त्वहरू अवलम्बन गर्नुपर्ला? लेख्नुहोस्। 3+3+4=10
8. सार्वजनिक सेवा प्रवाहमा कम्प्युटर, इन्टरनेट र सामाजिक सञ्जालको महत्त्व र आवश्यकता प्रकाश पार्दै यस क्षेत्रमा देखापरेका अवसर र चुनौतीलाई कसरी प्रयोग र सामना गर्न सकिएला? लेख्नुहोस्। 3+3+4=10

**Section – D** **30 Marks**

9. नेपालमा मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना कार्यान्वयनका मुख्य चुनौतीहरू के-के छन्? उल्लेख गर्नुहोस्। 5
10. बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २०१० ले गरेका मुख्य-मुख्य व्यवस्थाहरूबारे चर्चा गर्नुहोस्। 5
11. नेपाल जस्तो विकासशील राष्ट्रको सन्दर्भमा अन्तर्राष्ट्रिय आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार अनुबन्ध, १९६६ को महत्त्व कस्तो देख्नुहुन्छ? उक्त अनुबन्धले व्यवस्था गरेका मुख्य प्रावधानहरू उल्लेख गर्नुहोस्। 5+5=10
12. There are multiple issues of basic human rights of the people of Nepal. One monitoring report of the National Human Rights Commission concludes that the caste-based discrimination, child labour, threat to life of the people are very common. It seems, the local authorities are not able to take proper action against the wrong doers. In this ground, draft a press statement drawing the attention of the local and federal government and of other stakeholders in line with the Constitution of Nepal, the prevailing laws and the international human rights instruments. 10